आफ्नो...

स्रोतको व्यवस्थापन गरेर र कर प्रशासनलाई प्रभावकारी बनाएर यसमन्दा धेरै रकम संकलन गर्न सकिने विज्ञहरुको पनि बताउँछन् । उनीहरुका अनुसार दुँगा, गिट्टी र बालुवा कारोबारमा पूर्ण रुपमा भ्याट कार्यान्वयन गर्न सके मात्रै वार्षिक ६.५ अर्ब रूपैयाँभन्दा बढी राजस्व प्राप्त हुन सक्ने अनुमान छ । त्यस्तै वन कार्यालयमा वर्षौदेखि थन्किएका ४ करोड क्यूबिक फिटभन्दा बढी काठ व्यवस्थित रुपमा बिक्री गर्न सके २० अर्ब रूपैयाँभन्दा बढी आम्दानी सम्भव छ ।

तर सरकारको ध्यान त्यतातिर देखिँदैन । राजस्व अनुसन्धान विभाग खारेज गर्ने चर्चा चलिरहेका बेला राजस्व चुहावट झन् बढ्ने चिन्ता व्यक्त भइरहेको छ । चुहावट नियन्त्रण गर्न नसक्ने, अवैध व्यापार रोक्न नसक्ने र कर प्रशासन सुधार गर्न नसक्ने सरकारले अन्ततः शिक्षा क्षेत्रलाई नयाँ करको स्रोत बनाएको आलोचकहरुको आरोप छ ।

शिक्षा कुनै विलासिता होइन । यो संविधानले सुनिश्चित गरेको मौलिक अधिकार हो । राज्यले आफ्ना कमजोरी ढाकछोप गर्न शिक्षा क्षेत्रमाथि आर्थिक भार थप्ने हो भने त्यसको प्रत्यक्ष असर लाखौँ विद्यार्थी र मध्यमवर्गीय परिवारमाथि पर्नेछ । शिक्षालाई करको स्रोत होइन, राष्ट्रिय लगानीको क्षेत्र मान्नुपर्ने बेला आएको छ । अन्यथा 'समता शुल्क'को नाममा उठाइने रकमले राज्यको आम्दानी त बढ्ला, तर शिक्षामा समान पहुँच र अवसरको सपना झन् टाढा धकेलिने निश्चित छ ।

झन् गम्भीर प्रश्न त के छ भने सरकारले शिक्षा क्षेत्रमा नयाँ कर लगाएर करिब १० अर्ब रूपैयाँ उठाउने लक्ष्य राखिरहेको बेला दूरसञ्चार क्षेत्रबाट राज्यले उठाउनुपर्ने अर्बौं रूपैयाँ अझै असुल गर्न सकेको छैन । युटिएलबाट मात्रै १० अर्ब रूपैयाँभन्दा बढी बक्यौता रहेको चर्चा छ भने एनसेल र स्मार्ट टेलिकमर्सिँग सम्बन्धित विभिन्न कर तथा रोयल्टी विवादमा पनि अर्बौं रूपैयाँ राज्यले पूर्ण रुपमा प्राप्त गर्न सकेको छैन । वर्षौंदेखि राज्यकोषमा आउनुपर्ने तूलो रकम अलपत्र परिरहेको अवस्थामा दोषीमाथि कडाइ गर्नुको सट्टा विभिन्न प्रकारका सहुलियत र छुट दिने प्रवृत्ति देखिएको आरोप उठिरहेको छ ।

तूलो रकम तिर्नुपर्ने शक्तिशाली व्यावसायिक समूहप्रति नरम र शिक्षाका लागि संघर्षरत अभिभावकप्रति कठोर नीति अपनाइनु न्यायसँगत हो कि होइन भन्ने प्रश्न अहिले जनस्तरमा उठ्न थालेको छ । दूरसञ्चार, राजस्व चुहावट र प्राकृतिक स्रोतको प्रभावकारी व्यवस्थापनबाट अर्बौं रूपैयाँ संकलन गर्न सकिने सम्भावना हुँदाहुँदै शिक्षा क्षेत्रलाई नयाँ करको स्रोत बनाउनु सरकारको प्राथमिकता र नियतमाथि नै प्रश्न उठाउने विषय बनेको छ ।

राहदानी...

प्याकेज ६४ लाख ई-पासपोर्ट पुस्तिका, प्रिन्टिङ र निजीकरण उपकरण आपूर्तिको ठेक्काको जिम्मेवारी दियो । पहिलो प्याकेजअन्तर्गत आवेदन प्रणाली, डेटा व्यवस्थापन तथा प्रशोधन र पासपोर्ट वितरणको लागि एक अर्ब ५५ करोड आठ लाख १४ हजार तीन सय २५ रूपैयाँ ८१ पैसाको बोलपत्र मुहलबाउरले प्राप्त गरेको हो । पासपोर्टको खाली पुस्तिका र सोको वैयक्तिक विवरण समावेश गरिएको दोस्रो प्याकेजको बोलपत्र छ अर्ब ११ करोड ३८ लाख २७ हजार तीन सय ७० रूपैयाँ १४ पैसामा भेरिडोसले प्राप्त गरेको हो । साढे सात अर्बको उक्त ठेक्का सम्झौता जर्मनी कम्पनीलाई दिएसँगै आइडिमिया रूष्ट बन्न पुग्यो ।

आइडिमियाले पासपोर्ट खरिदसम्बन्धी बोलपत्र नियम मिचेर मुहलबाउर र भेरिडोसलाई दिइएको भन्दै पुनरवलोकनको माग गरेको थियो । सो कम्पनीले सार्वजनिक खरिद अनुगमन कार्यालयअन्तर्गतको सार्वजनिक खरिद पुनरवलोकन समितिको सचिवालयमा निवेदन समेत दर्ता गराएको हो । आइडिमियाले असार ११ गते मुहलबाउर र भेरिडोसविरुद्ध सचिवालयमा निवेदन दर्ता गराएको थियो । आर्थिक वर्ष २०८१/८२ मा अर्थ मन्त्रालयले राहदानी विभागलाई पाँच वर्षमा ६४ लाख थान ई-पासपोर्ट खरिद तथा छपाइ गर्न करिब १२ अर्ब रूपैयाँको स्रोत तथा बजेट सहमति प्रदान गरेको थियो ।

त्यसपछि राहदानी विभागले सुरक्षण मुद्रण केन्द्रलाई पत्र पठाई उक्त परिमाणमा ई-पासपोर्ट छपाइको लागि अनुरोध गरेको थियो । केन्द्रले २०८१ कात्तिक १४ गते विभागलाई पत्र पठाई विभागले मागेअनुसार पासपोर्ट छपाइ गर्न नसक्ने जानकारी गराएको थियो । त्यसपछि विभागले दुईवटा प्याकेजमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो ।

नेपालमा....

लगानी सम्मेलनलाई सम्बोधन गरेका थिए ।

सो क्रममा मन्त्री खनालले नेपालको आर्थिक अवसर तथा जनसाँख्यिकीय सामर्थ्यलाई उजागर गर्दै थप सक्षम र व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताएको नेपाली राजदूतावासले जनाएको छ । नेपालमा चिनियाँ लगानी प्रवर्द्धन गर्ने उद्देश्यले राजदूतावासद्वारा आयोजित सम्मेलनकै असरमा उहाँले चिनियाँ व्यवसायी, उद्यमी तथा लगानीकर्ताहरूसँग भेटघाट गरेका थिए । सो अवसरमा नेपालमा रहेका लगानीका अवसरबारे नेपाल लगानी बोर्डका प्रतिनिधिद्वारा प्रस्तुतीकरण गरिएको थियो ।

मन्त्री खनालले मँगलबार नै बेइजिङमा चीनको चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङसँग भेटवार्ता गरेका थिए । भेटका क्रममा नेपाल र चीनबीचको सौहार्दपूर्ण तथा मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने तथा आपसी हितका क्षेत्रमा सहकार्य प्रवर्द्धन गर्ने विषयमा छलफल भएको दूतावासले जनाएको छ ।

त्यस्तै, मन्त्री खनालले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन गरेका थिए । नेपालको राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको उक्त सम्दा नेपाल–चीन मित्रताको प्रतीक हुनाका साथै नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली कलाकारहरूको अन्तर्राष्ट्रिय प्रतिष्ठा तथा नेपाली वास्तुकलाको समृद्धिको प्रमाण हो ।

मन्त्री खनालले मँगलबार नै चिनियाँ तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्दै नेपालको परराष्ट्र नीति, नेपाल–चीन सम्बन्ध, नेपालमा नवगठित सरकारका प्राथमिकताहरु तथा अन्तर्राष्ट्रिय समुदायसँग नेपालको सँलग्नताबारे आफ्ना धारणा राखेका थिए । उनी चीनका विदेश मामिला मन्त्री तथा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्युरो सदस्य वाङ यीको निमन्त्रणामा आइतबार बेइजिङ पुगेका थिए । मन्त्री खनाल भ्रमण सम्पन्न गरी आज स्वदेश फर्किने कार्यक्रम छ ।

विश्वमा

समाचार आउन थालिसकेको थियो भने विश्व तेल बजारले यसलाई सकारात्मक रूपमा लिन थालिसकेको थियो । सोही कारण कच्चा तेलको मूल्य सस्तिन थालेको थियो ।

इन्डियन आयल कर्पोरेसनबाट सोमबार नै नयाँ खरिद मूल्य प्राप्त भएपछि निगमको सञ्चालक समितिको बैठक बसेको थियो । विश्व राजनीति सकारात्मक बन्दै गर्दा सञ्चालक समितिको बैठकले भने त्यसलाई अनदेखा गर्दै मूल्य घटाउन मानेन । यसअघिकै मूल्यसूचीअनुसार नेपालमा पेट्रोल प्रतिलिटर २१७ रूपैयाँ र डिजेल/मट्टितेल २२५ रूपैयाँ यथावत् राखिएको छ ।

प्रतिपक्षीको...

थियो ।

बजेटमा खर्च व्यहोर्ने स्रोतबारे भने उल्लेख छ । जसअनुसार आन्तरिक राजस्व परिचालनबाट एक अर्ब ७२ करोड, सरकारबाट राजस्व बाँडफाट भई प्राप्त हुने अनुमानित रकम ९० अर्ब २४ करोड ९२ लाख, ६६ हजार अनुमान गरिएको छ ।

यस्तै, संघीय रोयल्टीबापत सात करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान नौ खर्ब छ करोड ३३ लाख, चालू आवको दिनियोजनबाट बचत हुने नौ अर्ब ६२ करोड, सशर्त अनुदान छ अर्ब तीन करोड ५८ लाख, संघीय समपूरक अनुदान ३८ करोड ३८ लाख र विषेश अनुदानबाट ५२ करोड ७६ लाख प्राप्त हुने अनुमान गरिएको आर्थिक मामिला मन्त्री धामीले जानकारी दिए ।

बैठक प्रारम्भ हुनाशाथ प्रतिपक्षी दलका सदस्यहरू आ–आँनो स्थानमा उठेर विरोध दर्शाएपछि सभागुरु भीमबहादुर भण्डारीले दिएको समयमा मानबहादुर धामीले समयमै बजेट पेस गर्न नसकेर सरकारले लाचारीपन देखाएको बताए । त्यसपछि सबै प्रतिपक्षी संसद बैठक बहिष्कार गर्दै बाहिरिएका थिए ।

बजेट बाँडफाँटमा सत्तापक्षका प्रदेशसभा सदस्यहरूबीच नै मतऐक्यता हुन नसकेपछि प्रदेशसभा बैठकमा आगामी आवको बजेट पेस गर्न ढिलाइ भएको हो । प्रदेश सरकारको चालु आवमा ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजारको बजेट विनियोजन गरिएको थियो ।

११ महिनामा ७३ प्रतिशत मात्रै राजस्व संकलन

काठमाडौँ, असार २ । संघीय सरकारले चालू आर्थिक वर्षको ११ महिनामा राजस्वतर्फ १० खर्ब ७९ अर्ब ६३ करोड ४७ लाख राजस्व संकलन गरेको छ । सरकारले चालू आर्थिक वर्षमरिमा राजस्व शीर्षकहरूमा १४ खर्ब ८० अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो ।

तर चालू आवको ११ महिना सबै शीर्षकमा संकलन गर्ने लक्ष्यको ७३ दशमलव ०६ प्रतिशत मात्रै राजस्व संकलन भएको महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणमा उल्लेख छ । संघीय सरकारले कर राजस्व शीर्षकमा १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख राजस्व संकलन गर्ने लक्ष्य राखेमा ११ महिनाको अवधिमा भने लक्ष्यको ७४ दशमलव ०३ प्रतिशत अर्थात् नौ खर्ब ७९ अर्ब ६८ करोड ७८ लाख राजस्व संकलन भएको छ ।

सरकारले चालू आवको ११ महिना गैरकर राजस्वतर्फ एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख राजस्व संकलन गर्ने लक्ष्य राखे पनि सो अवधिमा लक्ष्यको ६४ दशमलव ७३ प्रतिशत अर्थात् ९९ अर्ब ९४ करोड ६९ लाख राजस्व संकलन गरेको छ । त्यस्तैगरी, चालू आवमा अनुदानतर्फ ५३ अर्ब ४४ करोड ६९ लाख राजस्व संकलन गर्ने लक्ष्य राखेकामा सो अवधिमा भने लक्ष्यको ४२ दशमलव ८२ प्रतिशत अर्थात् २२ अर्ब ८८ करोड ५९ लाख मात्रै संकलन भएको छ ।

६ अंकले घट्यो सेयरबजार

काठमाडौँ, असार २ । सेयरबजारमा फेरि गिरावट आएको छ । सोमबार १२ दशमलव २६ अंकले ओरालो लागेको नेप्से मँगलबार पनि छ दशमलव ३१ अंकले ओर्लिएको नेपाल स्टक एक्सचेन्जले जनाएको छ । योसँगै बजार २७ सय पाँच दशमलव ४५ बिन्दुमा छ ।

यस दिन तीन सय ३५ वटा सेयर ४८ हजार एक सय १६ पटक कारोबार हुँदा एक करोड सात लाख आठ हजार पाँच सय १६ कित्ता खरिदबिक्री भएका छन् । यो खरिदबिक्री कुल चार अर्ब चार करोड ७८ लाख बढीको हो । यस दिन व्यापार र सामूहिक लगानी कोष बढे पनि बाँकी उपसमूह घटेका छन् । वाणिज्य बैंक, विकास बैंक, फाइनान्स, जलविद्युत्, जीवन बीमा, निर्जीवन बीमा, होटल तथा पर्यटन, लगानी, उत्पादनमूलक, लघुवित्त र अन्य उपसमूहको सूचक पनि खुम्चिएका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा सोपान फर्मास्टिकल्स लिमिटेड पहिलो स्थानमा परेकोमा गुमाउने कम्पनीहरूको सूचीमा सयपत्री हाइड्रोपावर लिमिटेड पहिलो स्थानमा परेको छ । यसैगरी बढी रकम कारोबार गर्ने कम्पनीहरूको सूचीमा आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड पहिलो स्थानमा परेको छ ।

निःशुल्क स्वास्थ्य पोर्टलबाट १ हजार २ सय विपन्न लाभान्वित

काठमाडौं असार २ । सरकारले विपन्न तथा असहाय नागरिकका लागि सञ्चालनमा ल्याएको 'निःशुल्क स्वास्थ्य पोर्टल'मार्फत १ हजार २ सय बढी विपन्न लाभान्वित भएका छन् ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार गत वैशाख ३ गतेदेखि सञ्चालनमा आएको उक्त पोर्टलमार्फत उक्त संख्यामा निःशुल्क उपचार सेवा दिइएको हो । देशभरका अस्पतालमा उपलब्ध निःशुल्क शय्या तथा सेवासम्बन्धी जानकारी सार्वजनिक गरिएपछि लक्षित वर्गको पहुँच बढेको हो । मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार देशभरका अस्पतालमा हाल २३ हजार ४५६ शय्या उपलब्ध छन् । कानुनी व्यवस्थाअनुसार कुल शय्याको १० प्रतिशत अर्थात् २ हजार ३५६ शय्या निःशुल्क उपचारका लागि छुट्याइएको छ । तीमध्ये हाल ३५४ शय्यामा बिरामी उपचाररत छन् भने २ हजार २ शय्या तत्काल उपलब्ध रहेको मन्त्रालयले जनाएको छ । पोर्टलमा अस्पतालमा उपलब्ध कुल शय्या, निःशुल्क शय्या, प्रयोगमा रहेका शय्या र बाँकी क्षमताको अद्यावधिक विवरण राखिने व्यवस्था गरिएको छ । मन्त्रालयले आगामी दिनमा अस्पतालहरूले उपलब्ध गराउने अन्य स्वास्थ्य सेवासम्बन्धी जानकारी पनि सोही प्रणालीमा समावेश गर्ने तयारी गरेको जनाएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले संविधान र कानुनले सुनिश्चित गरेको निःशुल्क स्वास्थ्य सेवाको अधिकार लक्षित वर्गसम्म प्रभावकारी रूपमा पुऱ्याउन पोर्टल सञ्चालनमा ल्याएको बताइन् । 'पहिले निःशुल्क सेवा अस्पतालको इच्छामा निर्भर हुने अवस्था थियो । पोर्टलले विपन्न नागरिकलाई आफ्नो अधिकारबारे जानकारी र पहुँच दुवै दिएको छ,' उनले भनिन् । नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । साथै स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ ले अस्पताललाई कुल शय्याको १० प्रतिशत विपन्न, असहाय र बेवारिसे बिरामीका लागि छुट्याइ निःशुल्क उपचार उपलब्ध गराउन अनिवार्य गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार निःशुल्क उपचार सेवा प्रभावकारी, पारदर्शी र पहुँचयोग्य बनाउन अनलाइन प्रणाली विकास गरिएको हो । 'विगतमा कार्यविधि नहुँदा के के कुरा निःशुल्क हुने भन्नेमा अन्योल थियो । कार्यविधि बनेपछि सबै पक्षलाई सहज भएको छ', उनले भने । कार्यविधिअनुसार लक्षित वर्गका लागि छुट्याइएका शय्यामा भर्ना भएका बिरामीलाई अस्पतालले उपलब्ध गराउने सम्पूर्ण सेवा निःशुल्क दिनुपर्ने छ । त्यस्तै, निःशुल्क शय्यासम्बन्धी सम्पूर्ण जानकारी पोर्टल र अस्पतालको सूचना पाटीमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । मन्त्रालयले पोर्टल कार्यान्वयनपछि अस्पतालहरूको अनुगमन गर्ने छ वटा समिति गठन गरी ११ संघीय अस्पतालमा परिचालन गरिएको जनाएको छ ।

हकदाबीको सूचना

तल्लाकीन महाकाली अञ्चल, बैतडी जिल्ला, क्षेत्रमा गा.पा. वडा नं. १, हाल महाकाली अञ्चल, सू.प. प्रदेश, बैतडी जिल्ला, देशरथचन्द न.पा. वडा नं. ४, गढी बस्ने धनी राम पौडेलको नाति, चन्द बहादुर पौडेलको छोरा, मोहन लाल पौडेल (ना.प्र.नं. ८३८४, जारी मिति २०५२/०६/०५, बैतडी) को मिति २०७८/०२/१६ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १३६०५३४०००००२९५ मा भएको समपूर्ण रकम निजको दुई छोरा मध्ये कान्छो छोरा कन्चन पौडेलको मज्जरीनामामा जेठो छोरा गणेश कुमार पौडेलले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दर्ता गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग दावी वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड
शाखा कार्यालय, बैतडी
फोन नं. ०९१-२०२३३

निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

गंगा दत्त कडेलको नातिनि, नरहरि कडेलको छोरी, वागलुङ जिल्ला, काठेखोला गा.पा. वडा नं.०५ (साविक विर्इकोट गा.वि.स वडा.नं.०७) बस्ने, यस बैंकको तमानखोला शाखाका खाताधारी सिता कडेलको मिति २०८३/०१/०२ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. १४५०२२८१३२४०००११ मा भएको रकम पाउँ भनी निज खाताधारीको बाबु, वागलुङ जिल्ला, काठेखोला गा.पा. वडा.नं.०५ (साविक विर्इकोट गा.वि.स. वडा.नं.०७) बस्ने, नरहरि कडेलले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९(२) वमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन वमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : रामजानकीमन्दिर
फोन नं. : ९८१४०६२१७०
prabhu bank

गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री गरिने बारेको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८३।०३।०३)

यस बैंकको नाममा दर्ता रहेको तपसील बमोजिमको जग्गाहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा इच्छुक फर्म, कम्पनि वा महानुभावहरुवाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस बैंकको शाखा कार्यालय, रजहर, नवलपरासी (व.सु.पु.) मा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । बोलपत्र सूचना प्रकाशन भएको २२ औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको २ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

बोलपत्र खरिद गर्ने अन्तिम मिति : **२०८३।०३।२३ गते ५:०० बजे सम्म** बोलपत्र बुझाउने अन्तिम मिति : **२०८३।०३।२४ गते १२:०० बजे सम्म**

बोलपत्र खुल्ने मिति : **२०८३।०३।२४ गते २ बजे**

सम्पत्तिको विवरणः

जग्गा धनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
कृषि विकास बैंक लि. शाखा कार्यालय रजहर	नवलपरासी (व.सु.पूर्व)	सिसबार	५	२०३	०-०-१०-०

शर्तहरुः :

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको रजहर शाखा कार्यालयवाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएकी फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित सम्पत्तिको शिर्षक वा नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर सम्पत्तिको शिर्षक वा नम्बर उल्लेख गरेको हुनु पर्नेछ ।
३. रीत नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
५. टेण्डर मिति २०८३।०३।२४ गतेका दिन दिनको २ बजे कृषि विकास बैंक शाखा कार्यालय, कावासीती नवलपरासी (व.सु.पूर्व) मा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहबरमा वा निजको उपस्थीति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहबरमा खोलिने छ ।
६ टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाब वा धरौटी वापत शाखा कार्यालय रजहरको खाता नम्बर NPR1762501510151 मा जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डर साथ राखेको हुनुपर्नेछ ।
७ टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी घर/जग्गा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पति पुन : बिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसंग लेखिएको हुनु पर्नेछ । साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खामका लाहाछाप लगाएको हुनु पर्ने छ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप, अध्तियारनामा र निजको अध्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ ।
११. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन ।
१२. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्नुपर्ने राजश्व, रजिष्ट्रेशन दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
१३. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।

MORRIS GARAGES
विक्रेता फर्मको नाम : जि.ओ. अटोमोबाइल्स प्रा.लि
ठेगाना : थापाथली, काठमाडौं
स्थायी लेखा नं : ३०२५९७७०२
फोन नं : ५३४६२५४

सि.नं.	माल वस्तुको विवरण	आकार / प्रकार	ब्राण्ड	मोडेल	मोटर क्षमता	उत्पत्तिको मुलुक / राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुदरा बिक्री मूल्य (MRP)	कैफियत
1.	Windsor	CUV	MG	Commute	100 KW	INDIA	1	34,99,000	34,99,000	
2.	Majestor	SUV	MG	4x4 7 SEATER SAVVY	1996 cc Twin-turbo diesel	INDIA	1	2,50,00,000	2,50,00,000	

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रीय कार्यालयः काठमाण्डौ-२, लाजिम्पाट
फोनः ०१-४५४५४२४/२५/२६
वेभसाइटः www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८३/०३/०३)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्त बन्देवहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण

क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१.	चन्द्रौटा शाखा	भूमि प्रशासन कार्यालय चन्द्रौटा, कपिलवस्तुमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला छो भगवानपुर गा.वि.स.-७/च स्थित कित्ता नं. ६६६ को क्षेत्रफल ०-१-९-० (विघा) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा
२.	नयाँ बानेश्वर शाखा	भूमि प्रशासन कार्यालय भद्रपुर, झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स. स्थित कि.नं. १ नक्सा सिट नं. १८०००४२ स्थित कि.नं. ६७४, ६७७, ६७९, ६८१ र १३४९, को क्षे.फ. क्रमशः ३३६०, ६५, १६०, ३९५ र १६० (व.मि.) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८३/०३/०९) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/११ गते बिहिवार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगतै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको हो बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफूले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque साथै विद्युतिय माध्यमबाट रकम जम्मा गरेको भए सो को भौचर (Receipt) समेत राखी शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफूले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य हुन सोही राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत